# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८१।०८२

चलानी नं.: ५१८

मितिः२०८१।०६।२२

विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौं ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ................................ शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ असोज २० गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**कार्यार्थ**

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका ।

- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।

.........................

ध्रुवराज नेपाल

प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

बैठक संख्या: ५३

२०८१ साल असोज २० गते आइतवार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा नगरपालिकाको सभाकक्षमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिस बमोजिम निर्णयहरू गरेको छ।

उपस्थितिः

| क्र.सं. | पद | नाम,थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | | |
| ३ | सदस्य (वडा नं.१) | श्री कमल प्रसाद घिमिरे | | |
| ४ | सदस्य (वडा नं.२) | श्री राम प्रसाद घिमिरे | | |
| ५ | सदस्य (वडा नं.३) | श्री रमेश दाहाल | | |
| ६ | सदस्य (वडा नं.४) | श्री श्याम सुन्दर श्रेष्ठ | | |
| ७ | सदस्य (वडा नं.५) | श्री बलराम अधिकारी | | |
| ८ | सदस्य (वडा नं.६) | श्री सचितानन्द के.सी. | | |
| ९ | का.वा.सदस्य (वडा नं.७) | श्री रामप्यारी श्रेष्ठ | | |
| १० | सदस्य (वडा नं.८) | श्री शुभ लक्ष्मी मानन्धर | | |
| ११ | का.वा.सदस्य (वडा नं.९) | श्री मनिषा तामाङ | | |
| १२ | सदस्य (वडा नं.१०) | श्री चन्द्र बहादुर खड्का | | |
| १३ | सदस्य (वडा नं.११) | श्री शिवकुमार थापा | | |
| १४ | सदस्य (वडा नं.१२) | श्री रामबहादुर कुँवर | | |
| १५ | सदस्य (वडा नं.१३) | श्री रामलाल दुवाल | | |
| १६ | सदस्य (वडा नं.१४) | श्री टुल्कु लामा | | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | | |
| १८ | सदस्य | श्री समिता थापा | | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | | |
| २३ | सदस्य | श्री कमला परियार | | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री भोलाप्रसाद चापागाईं | | |
| २६ | प्र.अ. | श्री ध्रुवराज नेपाल | | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

छलफलका विषयहरू:

१) वडा नं. ५ को खानेपानी उपभोक्ता समिति दर्ता सम्बन्धमा।
२) नगरस्तरीय विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
३) उपभोक्ता समितिलाई पेश्की रकम उपलब्ध गराउने/नगराउने सम्बन्धमा।
४) रजत जयन्तीको अवसरमा बनेपा भ्रमणमा आएको सिगात्से टोलीको खर्च भुक्तानी सम्बन्धमा।
५) नगर प्रमुखज्यूको लागि आवश्यक नयाँ सवारी साधन खरिद गर्ने सम्बन्धमा।
६) "घ" वर्गको निर्माण व्यवसायीलाई इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा।
७) विजय दशमीको अवसरमा शुभकामना आदानप्रदानं कार्यक्रम गर्ने सम्बन्धमा।
८) विविध।

-::निर्णयहरू::-

| नि. नं. | छलफलका विषय | निर्णयहरू |
|---|---|---|
| १ | शुभकामना आदान प्रदान सम्बन्धमा | २०८१ सालका आशन्न नेपालीहरूका महान चाड विजयादशी, दिपावली, नेपाल सम्बत तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान गरिनुका साथै समस्त नगरबासी दाजुभाइ दिदीबिहनीहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगति र समुन्नतीका लागि मङ्गलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो । |
| २ | विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन | बनेपा नगरपालिका, नगर स्तरीय विपद् व्यवस्थापन समितिबाट मिति २०८१।६।१३ मा भएको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ३ | बनेपा नगरपालिकाका वडा नं. ५ मा खानेपानी उपभोक्ता समिति दर्ता सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ५ मा स्वीकृत भई कार्यान्वयन भई रहेको चण्डेश्वरी डिप बोरिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नामबाट खानेपानी उपभोक्ता समिति दर्ताका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ ले निर्धारण गरेका प्रक्रिया पुरा भई पेश भएको देखिएकाले उक्त समिति दर्ता गर्ने निर्णय गरियो । |
| ४ | बनेपा नगरपालिका र सिगात्से नगरपालिका बिच सम्पन्न भगिनी सम्बन्ध स्थापनाको रजत महोत्सव समारोहमा भएको खर्च भुक्तानी सम्बन्धमा | मित्रराष्ट्र चिनको तिब्बत स्वायत प्रदेश स्थित सिगात्से नगरपालिका र यस नगरपालिका बिच भगिनी सम्बन्ध स्थापना भएको २५ वर्ष पुगेको अवसरमा बनेपा नगरपालिकाद्वारा आयोजित रजत महोत्सव समारोहमा सरिक हुन उक्त नगरबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि मण्डलको व्यवस्थापन र महोत्सव आयोजनाका क्रममा सम्पन्न विविध कार्यक्रममा भएको खर्च विभिन्न पाटीबाट पेश भए बमोजिमका बिल बमोजिमको रकम जम्मा रू. १२,३९,०००। मा नबढ्ने गरी अतिथि सत्कार तथा सभा समारोह शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| ५ | बेरूजु | यस नगरपालिकाको बेरूजु फर्स्यौट गर्ने सम्बन्धमा छलफल गर्दा हालसम्मको बेरूजुको |

| | | |
|---|---|---|
| | फस्र्योट सम्बन्धमा | अवस्था अध्ययन गरी बेरूजु फस्यौटका लागि राय प्रतिवेदन पेश गर्न बनेपा नगरपालिकाको लेखा समितिलाई जिम्मा दिने निर्णय गरियो । |
| ६ | घ वर्गको इजाजतपत्र प्रदान सम्बन्धी कार्यविधि संसोधन सम्बन्धमा | बनेपा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ मा आवश्यक संसोधनका लागि यस नगरपालिकाको विधायन समितिबाट अध्ययन गरी राय सहित पेश गर्ने निर्णय गरियो । |
| ७ | आय व्यय विवरण अनुमोदन सम्बन्धमा | बनेपा नगरपालिकाको चालु आ.व. २०८१।०८२ को आजका मितिसम्मको देहाय बमोजिमको आय व्यय विवरण प्रस्तुत भई अनुमोदन गरियो ।<br>जम्मा आय रू. २३,४९,५५,८७१।०२<br>जम्मा व्यय रू. १३,५६,९२,०२१।९६ |
| ८ | श्री चण्डेश्वरी श्रृष्टिकान्त मा.वि. बाट आइ.एस. ओ. प्रमाण पत्र प्राप्ति प्रयोजनका लागि लागत भुक्तानी सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ४, नाला स्थित श्री चण्डेश्वरी श्रृष्टिकान्त मा.वि. बाट आइ.एस. ओ. प्रमाण पत्र लिने प्रयोजनका लागि सहजिकरण गर्न उक्त विद्यालयबाट नियुक्त परामर्शदाता श्री Everest International Management Consultancy & Training Agency Pvt.Ltd, काठमाण्डौका लागि लाग्ने कुल रकम रू. ९,९८,९२०।मध्ये बनेपा नगरपालिकाले रू. ५,००,०००। भुक्तानी दिने निर्णय गरियो । |
| ९ | विपदका कारण क्षति व्यहोरेको पनौती नगरपालिकालाई सहयोग गर्ने सम्बन्धमा | २०८१ साल असोज १० गते देखि परेको अविरल वर्षाका कारण मुलुक भरनै ठुलो क्षति व्यहोरेको अवस्थामा छिमेकी पनौती नगरपालिका क्षेत्रमा समेत ठुलो धनजनको क्षति भएको छ । यस्तो विषम परिस्थितिमा गरिनु पर्ने उद्वार तथा राहतका कार्यमा खर्च गर्न विपद् व्यवस्थापन शीर्षकबाट उक्त नगरपालिकालाई रू. १०,००,०००। सहयोग गर्ने निर्णय गरियो । |
| १० | विपद्का कारण क्षति भएका विद्यालयको विवरण पेश गर्ने सम्बन्धमा | २०८१ साल असोज १० गते देखि परेको अविरल वर्षाका कारण क्षति भएका यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका विद्यालयहरूको क्षतिका सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय समेतका आधारमा ददेहाय बमोजिमको क्षति विवरण अनुमोदन गरी सम्बन्धित निकायमा पठाउने र उक्त विद्यालयहरूमा हुने पून निर्माणका लागि प्राप्त हुने सहयोग रकमबाट हुने कार्यमा आवश्यक सहयोग यस नगरपालिका बाट प्रदान हुने प्रतिवद्धता समेत व्यक्त गर्ने निर्णय गरियो । |

| क्र.सं | विद्यालयको नाम | क्षतिको विवरण | क्षतिको अनुमानित रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भक्तेश्वर गोसाईकुण्ड मा.वि. बनेपा ६ | विद्यालयको शौचालय र विद्यालय कम्पाउण्ड पूर्ण रूपमा क्षति | ३३,८१,१३३।०८ | |
| 2 | श्री नन्दादेवी आ.वि. बनेपा 3 | लम्बाई १०० फिट र उचाई २० फिटको कम्पाउण्ड पर्खाल पूर्ण रूपमा क्षति | ११,७९,४४९।०६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३ | श्री प्रभात मा.वि. बनेपा 3 | भवन अगाडीको भाग शौचालय जोखिममा र खेलमैदान आंशिक क्षति | २५,००,०००। | |
| | | ४ | श्री सपनेश्वर मा.वि. बनेपा 1 | लम्बाई ४० मिटर र उचाई 3.5 मिटर उचाईको सेरवाल क्षति | १०,६१,३८७।७१ | |
| ११ | पर्व पूजा खर्च सम्बन्धमा | बनेपा नगरपालिका वडा नं ४ मा रहेको श्री नाला भगवती मन्दिरमा हरेक वर्ष जात्रा मनाइने परम्परा बमोजिम २०८१ सालको जात्रा तथा पर्व पूजा सञ्चालनका लागि रू. १,००,०००। सहयोग गर्ने निर्णय गरियो । | | | | |
| १२ | श्रद्धाञ्जली अर्पण गर्ने सम्बन्धमा | २०८१ साल असोज १० गतेबाट परेको अविरल वर्षाका कारण बनेपा नगरपालिका क्षेत्रभित्र दिवंगत हुन भएका दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार जनमा भावपूर्ण समवेदना अर्पण गर्ने र घाइते तथा अपाङ्ग हुनु भएका नगरबासीको शीघ् स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो । | | | | |

उपप्रमुख

प्रमुख